# नेपाल नागरिक उड्डयन प्राधिकरण
## प्राबिधिक सेवा, समूहिकृत नहुने (Open for Technical) समूह,
### सहायक, दोश्रो तहको
### खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

लिखित परीक्षाको विषय, पूर्णाङ्क, परीक्षा प्रणाली, प्रश्नसंख्या, अंकभार र समय निम्नानुसार हुनेछ ।

| पत्र | विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या | अंक भार | समय |
|---|---|---|---|---|---|---|
| | सामान्य ज्ञान, प्रशासन तथा व्यवस्थापन र ऐन नियम/सेवा सम्वन्धी | १०० | वस्तुगत : बहुबैकल्पिक प्रश्न | ५० x २ | १०० | १ घण्टा |

द्रष्टव्य :

१. बस्तुगत बहुबैकल्पिक परीक्षा प्रणाली अनुसार प्रश्नहरु सोधिने छ । प्रत्येक प्रश्नका चारवटा संभाव्य उत्तर हुनेछन जसमध्ये एउटा सही उत्तर छनोट गरी लेख्नु पर्नेछ ।

२. बस्तुगत बहुबैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २०% (बीस प्रतिशत) अङ्क कट्टा गरिनेछ । तर उत्तर नदिएमा त्यस वापतको अङ्क दिइने छैन र कट्टा पनि गरिने छैन ।

३. परीक्षामा कुनै प्रकारको मोवाइल, क्यालकुलेटर जस्ता सामाग्री प्रयोग गर्न पाइने छैन ।

५. परीक्षाको माध्यम नेपाली हुनेछ ।

६. परीक्षाको उत्तिर्णाङ्क ४० (चालिस) हुनेछ । न्यूनतम उत्तिर्णाङ्क प्राप्त नगर्ने उम्मेदवारहरु अन्तर्वार्तामा सम्मिलित हुन योग्य हुनेछैनन् ।

७. अन्तर्वार्ता र शैक्षिक योग्यता
   क) अन्तर्वार्ताको अङ्क भार - २०
   ख) शैक्षिक योग्यताको अङ्कभार - ३

   शैक्षिक योग्यता वापतको अङ्क : न्यूनतम शैक्षिक योग्यता वापत प्रथम श्रेणीलाई ३, द्धितीय श्रेणीलाई २ र तृतीय श्रेणीलाई १ अङ्क प्रदान गरिनेछ ।

८. यस पाठ्यक्रममा जेसुकै विषयवस्तु समावेश गरिएको भएतापनि पाठ्यक्रममा परेका कानुन, ऐन, नियम तथा नीतिहरु परीक्षाको मितिभन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको संझनुपर्दछ ।

९. यस पाठ्यक्रममा उल्लेख भएका विषयहरुका अतिरिक्त समसामयिक घट्ना तथा विषयवस्तुहरुका सम्वन्धमा समेत प्रश्न सोध्न सकिनेछ ।

# प्राविधिक सेवा, समूहिकृत नहुने (Open for Technical) समूहको पाठ्यक्रम

१. नेपालको भौगोलिक, ऐतिहासिक, सामाजिक, अवस्था वारे सामान्य जानकारी

२. नेपालका प्रमुख प्राकृतिक स्रोतका सम्वन्धमा साधारण जानकारी

३. नेपालका राष्ट्रिय महत्वका घटना एवं विषयवस्तुहरु

४. नेपालको पर्यटन तथा हवाई क्षेत्रको विकास बारे जानकारी

५. सेवा /समूहसंग सम्वन्धित विषयको ज्ञान

६. कार्यालय कार्यविधि, दर्ता चलानी र पत्र व्यवहार

७. नेपाल नागरिक उड्डयन प्राधिकरण सम्वन्धी जानकारी

**८. सुरक्षा विधिहरु (Safety Practices) :**

सुरक्षाको प्रकारहरु

- व्यक्तिगत सुरक्षा
- उपकरणहरुको सुरक्षा
- टुल्सको जतन

**९. विभिन्न नापका इकाई सम्वन्धी आधारभूत ज्ञानहरु**

**विभिन्न इकाईहरु :**

- Foot, Pound, Meter, किलोग्राम (तौल), समय (सेकेण्ड) र तिनका आपसी रुपान्तरण

**१०. मर्मत कार्य सम्वन्धी आधारभूत ज्ञान**

- मर्मतको महत्व र विधी
- मर्मत कार्यका प्रकारहरु (Preventive, Breakdown, Shutdown)
- मर्मत गर्दा ध्यान पुऱ्याउनु पर्ने कुराहरु
- विभिन्न उपकरणहरुको सर्भिसिङ्ग

**११. अभिलेख राख्ने ज्ञान**

- अभिलेखको महत्व
- मर्मत कार्यको अभिलेख, सर्भिसिङ्ग कार्यको अभिलेख
- लग बुक

**१२. इन्धन तथा लुब्रिकेन्टस्**

- विभिन्न प्रकारका इन्धन सम्वन्धी ज्ञान र प्रयोग
- लुब्रिकेन्टस्का प्रकार र प्रयोग
- लुब्रिकेन्टस्का बदली (Replacement), थप गर्ने (Top Up) विधि